सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ अंक : ३१२ २०७९ साल, साउन २७ गते शुक्रबार, Friday 12 August, 2022 मूल्य रू. ५/- पृष्ठ : ४

# कृषि सामग्री कम्पनीले लिमिटेडले विभिन्न जिल्लामा रासायनिक मल पठाउन थालियो



बीरगंज, २६ साउन ।

कृषि सामग्री कम्पनी लिमिटेडले नेपालमा ग्लोबल बोलपत्रमार्फत खरिद गरेको रासायनिक मल (युरिया) विभिन्न जिल्ला पठाउन थालिएको छ । पर्साको वीरगञ्ज आइपुगेको पाँच हजार मेट्रिक टन रासायनिक मल विभिन्न जिल्ला पठाउन थालिएको हो । दुई चरणमा गरी वीरगञ्ज ल्याइएको कूल पाँच हजार मेट्रिक टन (एक लाख बोरा) रासायनिक मललाई आवश्यकताअनुसार विभिन्न जिल्ला पठाउन थालिएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका सूचना अधिकारी आलोक कुमारले जानकारी दिए ।

अन्य बाँकी रासायनिक मल भित्रिने क्रम जारी छ। उक्त नाकाबाट १२ हजार मेट्रिक टन रासायनिक मल वीरगञ्जस्थित कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयमा आउने योजना छ। वीरगञ्जस्थित कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयले मधेस प्रदेशसहित काठमाडौँ, काभ्रे, धादिङ, मकवानपुर, सिन्धुली, चितवन, तनहुँ, पर्वत, नुवाकोट, कास्की लगायत १६ जिल्लामा रासायनिक मलको आपूर्ति गर्दै आएको छ । विभिन्न जिल्लामा रहेको कृषि सामग्री कम्पनीको कार्यालयमार्फत किसानलाई मल विवरण गरिने छ ।

उक्त रासायनिक मल वीरगञ्जस्थित सिर्सिया सुक्खा बन्दरगाह (ड्राइपोर्ट) नाका हुँदै नेपाल भित्रिएको हो । नेपाल सरकारले ग्लोबल बोलपत्रमार्फत ओमानबाट खरिद गरेको ३० हजार मेट्रिक युरिया मल आपूर्तिको जिम्मा स्वीस सिङ्गापुर ओभरसिज इन्टरप्राइजेज लिमिटेडले लिएको थियो । ओमानबाट नेपालको लागि आयात गरिएको मल पानी जहाजमा सामुद्रिक मार्ग हुँदै भारतको कोलकत्ता बन्दरगाहमा आउने र त्यहाँबाट रेलबाट वीरगञ्जस्थित ड्राइपोर्टमा ढुवानी हुँदै आएको छ ।

खरिद गरिएका सबै मल आएपछि आर्यात हुने मलमध्ये मधेस प्रदेशका लागि ३२.०२ प्रतिशत अर्थात्

*(बाँकी अन्तिम पेजमा)*

## प्रहरीद्वारा १० हजार लिटर घरेलु मदिरा नष्ट



बारा, २६ साउन ।

महागढीमाई नगरपालिका वडा नम्बर ३ र १० गंजभवानीपुर टोलस्थित विभिन्न घरबाट प्रहरीले करिब १० हजार लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ। ती घरबाट करिब ८० हजार लिटर मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ समेत बुधबार नष्ट गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले स्थानिय प्रतिनिधिहरूको रोहवरमा अस्वस्थकर र न्यूनगुणस्तरको रक्सी उत्पादन गर्न प्रयोग गरिएका अवैध भट्टीहरू, मदिरा र मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ नष्ट गरेको हो । रक्सी उत्पादन गर्ने मेसिन, भाडाकुडा र ड्रमहरू नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## जनलोकपाल आयोगमा १८ उजुरी दर्ता, कर्मचारी अभावले अनुसन्धानमा समस्या

धनुषा, २६ साउन ।

मधेस प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगमा आर्थिक वर्ष २०७८/७९ मा अनियमिततासम्बन्धी १८ वटा उजुरी दर्ता भएको छ । अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजुरीहरू दर्ता भए पनि जनशक्तिको व्यवस्थापन हुन नसक्दा आयोगले हालसम्म एउटा पनि उजुरीको अनुसन्धान पूरा गर्न सकेको छैन ।

गत २०७८ भदौमा स्थापना भएको उक्त आयोगमा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी १८ उजुरी दर्ता भए पनि जनशक्ति अभावका कारण हालसम्म कुनै पनि उजुरीमा अनुसन्धान पूरा गर्न नसकेको आयोगका अध्यक्ष रामसहाय राय यादवले जानकारी दिए । सबैभन्दा बढी मातहतको जिल्लास्थित स्थानीय तहमा भएको अनियमिततासम्बन्धी उजुरी छन् । प्रदेशभित्रका सार्वजनिक निकाय तथा संस्थामा भएको अनियमितता छानविन गरी दोषीमाथि कारबाही अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजुरीमाथि छानविन अघि बढाउन नसकिएको उनको भनाइ थियो ।

स्थानीय तहबाट सञ्चालित विकासका योजनामा भ्रष्टाचार भएको र नियुक्ति प्रक्रियामा अनियमितता भएको भन्दै आयोगमा उजुरी दर्ता भए पनि कर्मचारी अभावमा फाइल हेर्न नसकेको अध्यक्ष यादवले बताए । प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लाबाट यस्तो प्रकारका उजुरी बढी दर्ता भएको छ । 'आयोगमा ३३ कर्मचारीको दरबन्दी भए पनि अहिले कार्यालय प्रमुख मात्र स्थायी कर्मचारी छन्, अध्यक्ष यादवले भने, 'एक त प्रचार–प्रसार नभएर धेरै उजुरी आएको छैन, आएको उजुरीमाथि पनि कर्मचारी अभावका कारण फाइलहरू अध्ययन गर्न सकिएको छैन ।'

नियमावली र कर्मचारी पठाउन पटक–पटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म न त नियमावली आयो, न कर्मचारी नै उनको गुनासो थियो । ँमुद्दाको अनुसन्धान गर्न कानुनका कर्मचारी चाहिन्छ, छापा मार्न प्रहरी चाहिन्छ, अध्यक्ष यादवले भने, ँअहिले हामीसँग न त कानुन शाखाका कर्मचारी छन्, न प्रहरी नै छ कसरी

*(बाँकी अन्तिम पेजमा)*

## निमावि तहको लाइसेन्स परीक्षामा २ लाख बढी सहभागी हुने

काठमाण्डौ, २६ साउन ।

शिक्षक सेवा आयोगले आगामी शनिबार सञ्चालन गर्ने निम्न माध्यमिक तह अध्यापन अनुमति पत्र (लाइसेन्स) को परीक्षामा दुई लाख बढी सहभागी हुने भएका छन् । आयोगको अनुसार उक्त लाइसेन्स परीक्षाका लागि नेपालभरबाट २ लाख ३ हजार १३१ परीक्षार्थी सहभागी हुनेछन् । सातै प्रदेशका २४ ओटा जिल्लाका ७९२ परीक्षा केन्द्रमा बिहान ८ बजेदेखि परीक्षा सञ्चालन हुनेछ । परीक्षाको सम्पूर्ण तयारी सकिएको शिक्षक सेवा आयोगले जानकारी दिएको छ ।

**कैलाली जिल्लाको परीक्षाकेन्द्र परिवर्तन**

शिक्षक सेवा आयोगले कैलाली जिल्लाको केन्द्र नम्बर ७२६ सरेको सूचना जारी गरेको छ। केन्द्र नम्बर ७२६ श्री स्टार इ.बो.स्कुल क्याम्पस रोड ख कायम गरिएकोमा उक्त केन्द्रको सट्टा शारदा माध्यमिक विद्यालय वैयावेहडी (ग) मा सारिएको छ। जहाँ २५५ जना परीक्षार्थी छन् । (साभार–अनलाइनखबर)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका

फेटा (बारा)

## पेट्रोलियम ढुवानी व्यवसायीले फेरि गरे आन्दोलनको घोषणा

काठमाण्डौ, २६ साउन ।

ढुवानी भाडा वृद्धिको माग राखेर आन्दोलन गर्दै आइरहेको नेपाल पेट्रोलियम ढुवानी व्यवसायीले फेरि आन्दोलन घोषणा गरेका छन्। गत २१ साउनदेखि पेट्रोलियम ढुवानी रोक्नेसहितको आन्दोलन घोषणा गरेर फिर्ता लिएको नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले पुनः आन्दोलन घोषणा गरेको हो । निगमले सहमति पालना नगरेपछि व्यवसायीहरु पुनः आन्दोलित हुन बाध्य भएको महासंघका अध्यक्ष खगेश्वर बोहोराले बताए । '१ भदौसम्म ढुवानी भाडा वृद्धि नगरिए २ गतेदेखि अग्रिम ढुवानी अनुमति नलिने र अन्य आन्दोलनका कार्यक्रम गर्ने छौं' महासंघको विज्ञप्तिमा उल्लेख छ ।




गत १५ साउनमा निगमले लिखित पत्र पठाएर भाडा वृद्धि गर्ने जानकारी गराए पनि सो पालना नभएको महासंघको दाबी छ। महासंघले हालको ढुवानी भाडामा ट्रक र ट्यांकर चलाउन नसकिने भन्दै सम्पूर्ण खर्च गर्नेगरी निगम आफैंलाई ट्यांकर चलाउन पनि आग्रह गरिएको छ। बढेको इन्धनको भाउअनुसार ढुवानी भाडा नबढेको भन्दै ट्रक ट्यांकर व्यवसायीहरु गत वर्ष देखि नै आन्दोलित छन्। भाडा बढाउनेबारे गत वर्ष आयल निगमले विज्ञ समूहमार्फत अध्ययन गराएको थियो । तर, व्यापार निश्चित भएको क्षेत्रमा अधिक भाडादर समिमितले निर्धारण गरेपछि तत्कालिन निगम नेतृत्व भाडा समायोजन नगर्ने अवस्थामा पुगेको थियो । निगमको अध्ययन समितिले रुटअनुसार ३ देखि १६ प्रतिशतसम्म भाडा बढाउन सुझाव दिएको थियो। जसलाई निगमले अधिक भएको भन्दै थप अध्ययन गर्न पुल्चोक इन्जिनियारिङ कलेजलाई अध्ययन प्रतिवेदन थमाएको थियो । आयल निगमको वर्तमान सञ्चालक समिति इन्धनको मूल्य वृद्धिले जनताको ढाड सेकिएको बेला व्यवसायीको भाडा बढाउन सहमत छैन। तर, व्यापारिबाट प्रभावित भएर निगमले सञ्चालक समितिमा ७ पटकसम्म भाडा वृद्धिको प्रस्ताव लगेको बोर्ड सदस्यहरुले बताउने गरेका छन् ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
DAILY दैनिक



प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकारः परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८४५०४५५५२, ०५३५२१४८७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# खाद्यान्नमा परनिर्भरता, मूल्यवृद्धि र भोकको पीडा

**उद्धव सिलवाल ——**

साउन दोस्रो सातासम्म कृषियोग्य जमिनको ८६ दशमलव ३ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । सिँचाइको समस्या र रासायनिक मलको अभावले रोपाइँ कम भएको हो । रुस–युक्रेन तनाव लम्बिँदै गएको कारण विकासशील र विकासोन्मुख मात्र नभई अति विकसित मुलुकमा समेत मूल्यवृद्धि, ऊर्जा संकट, खाद्यान्न अभावलगायत समस्या आउन थालेको छ । युरोपियन युनियन, संयुक्त राष्ट्रसंघ अन्तर्गतको खाद्य तथा कृषि संगठन (एफएओ) र विश्व खाद्य कार्यक्रमले खाद्य संकट निम्तन सक्ने चेतावनी दिइसकेको छ । सन् २००८ को विश्व आर्थिक मन्दीभन्दा जटिल अवस्था आउन सक्ने सम्मको आँकलन गरिएको छ ।

महँगीले आकाश छुँदा पनि राज्य संयन्त्र मौन बसिरहेको छ । आम्दानीको तुलनामा खर्च मात्रै बढ्न थालेपछि उपभोक्ताको जीवनयापन असहज हुन थालेको छ । खाद्यान्न, तेल, घिउ, जिरा, धनिया, गेडागुडी, दाल, चामल, गहुँ र मकैलगायतका अधिकांश खाद्यवस्तुको मूल्य पनि दोब्बर बढेको छ । अझ हरिया तरकारीको मूल्य त्योभन्दा बढिरहेको छ ।

अहिले श्रीलंका, अफगानिस्तान, लेबनान, इथियोपिया, सोमालिया, केन्या, इजिप्ट, दक्षिण सुडान, यमनलगायतका देश चरम खाद्य संकटको अवस्था रहेका छन् । बढि खाद्यान्न निर्यात गर्ने देशहरुले ...खाद्य राष्ट्रवाद' (फुड नेसनालिजम) लाई उच्च प्राथमिकता दिन थालेका छन् । विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले सार्वजनिक गरेको ...ग्लोबल फुड क्राइसिस अपडेट अन द वर्ल्डस अप्रेसिडेन्टेड निड्स २०२२' को प्रतिवेदनअनुसार ८२ मुलुकका करिब ३५ करोड मानिस खाद्यान्न अभावबाट प्रभावित रहेका छन् ।

अझ युरोपेली संघ, एफएओ र डब्लुएफपीको संयुक्त गठबन्धनका रुपमा रहेको ग्लोबल नेटवर्क अगेन्स्ट फुड क्राइसिस (जीएनएएफसी) ले गत अप्रिलमा सार्वजनिक गरेको प्रतिवेदनमा तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका र खाद्य सहायता तथा जीविकोपार्जनका लागि सहयोग चाहने मानिसको संख्या करिब ६० करोड रहेको उल्लेख गरेको छ।ती मानिसहरु खाद्यान्न संकटको उच्च जोखिममा रहेको अनुमान गरिएको छ । विश्वभर नै खाद्यान्न संकटको अवस्था आउन सक्ने चेतावनी दिइरहेको अवस्थामा नेपालमा भने ६ महिनालाई पुग्ने खाद्यान्न रहेको छ भनेर राज्य संयन्त्र त्यसैमा रमाइरहेको छ ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमश घट्दै गएको आर्थिक सर्वेक्षण २०७८⁄७९ ले देखाएको छ । आर्थिक बर्ष ०७८⁄७९ मा कृषि क्षेत्रको योगदान २३ दशमलव ९ प्रतिशत रहने आकलन सर्वेक्षणले गरेको छ । नेपाल श्रमशक्ति सर्वेक्षणले कृषिमा आवद्ध जनसंख्या ६० दशमलव ४ प्रतिशतमा झरेको देखाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खाद्यान्न बालीअन्तर्गत धान, मकै, गहुँ, कोदो, जौ र फापरलाई मात्र समावेश गरेको छ । उक्त मन्त्रालयको तथ्यांकअनुसार आर्थिक बर्ष २०७७⁄७८ मा १ करोड ११ लाख १६ हजार मेट्रिक टन खाद्यान्न बाली उत्पादन भएकोमा २०७८⁄७९ मा उक्त उत्पादनमा ३ दशमलव १ प्रतिशत ह्रास आएर १ करोड ७ लाख ७२ हजार मेट्रिक टन मात्रै उत्पादन भएको देखिएको छ ।

आ.ब ०७८⁄७९ मा खाद्यान्न बालीको अंश ४४ दशमलव ३ प्रतिशत रहेको छ । अन्य बालीको तुलनामा खाद्यान्न बाली र औद्योगिक बालीको उत्पादन घटेको पनि सर्वेक्षणमा उल्लेख छ । चालु आर्थिक बर्षको बजेट २०७९⁄८० मा नेपालको कृषि क्षेत्रको रुपान्तरण गरी उत्पादन बृद्धि र रोजगारी सिर्जना गर्न, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न आधारभूत कृषि उत्पादनको रुपमा रहेको धान, मकै, गहुँ, तरकारी र फलफूलको आयात न्यूनतम ३० प्रतिशत कम गर्ने उल्लेख छ ।

त्यसैगरी, बजेटमा किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घर दैलोमा सरल र सहज रुपमा उपलब्ध गराउन ५ खर्ब रुपैँया बराबरको कर्जा प्रवाह गर्न लघु वित्त कोष स्थापना गरी सोही कोषबाट घरदैलोमा कर्जा पुऱ्याइने उल्लेख गरे पनि चालु आर्थिक बर्ष सुरु भएको एक महिना पुरा हुन लाग्दासमेत त्यससम्बन्धी कुनै कार्य अघि बढ्न सकेको छैन । फत्तबहादुर के.सी.ले नेपालमा कृषि तथा औद्योगिक वित्त नामक पुस्तकमा कृषि क्षेत्रको सुधार गर्ने क्रममा बहादुर शाह र भिमसेन थापाले नापी गराएको उल्लेख गरेका छन् । उक्त पुस्तकमा भनिएको छ, ...१८ नोभेम्बर १८१५ मा भएको सुगौली सन्धिबाट मैदानी भूभाग गुम्दा नेपालको अर्थतन्त्रमा गहिरो आघात परेको थियो ।'

त्यसैलाई पूर्ति गर्नको लागि काठमाडौं उपत्यकामा राजकुलो र तराई क्षेत्रमा नहर मर्मत र निर्माण गरिएको उल्लेख छ । त्यतिखेरदेखि नै कृषिलाई प्राथमिकता दिए पनि यति लामो समय व्यतित भइसक्दासमेत कृषि पेशामा आवद्ध किसानको अवस्थामा खासै परिवर्तन आउन सकेको छैन । कृषिमा आवद्ध ६० दशमलव ४ प्रतिशतमध्ये आधा जस्तो किसानलाई अहिले पनि आˆनो उत्पादनले वर्षभरि खान पुग्ने अवस्थासमेत छैन । कृषि उत्पादन विक्री गर्ने बिचौलिया, कृषि सस्थामा काम गर्ने सरकारी कर्मचरी र अन्य क्षेत्रका कर्मचारीको आयस्तर तथा जीवनस्तर उच्च रहनुले समेत कृषि क्षेत्रमा खटिने किसानको अवस्था कमजोर र कृषि क्षेत्र समस्याग्रस्त रहेको आकलन गर्न सकिन्छ । अझै पनि कृषि बजार नीति बन्न नसक्दा बिचौलियामार्फत किसान शोषणमा परिहेका छन् ।

बजेटले अर्थतन्त्रमा सिर्जना भएको गतिशीलता, पुनरुत्थान, निजी क्षेत्रको उत्साहप्रद लगानीबाट ८ प्रतिशतको आर्थिक बृद्धिदर र ७ प्रतिशतको मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्ने घोषणा गरेको छ । तर, यही गतिले मूल्यवृद्धि हुँदै जाने हो भने दोहोरो अंकमा पुग्ने निश्चित प्राय रहेको छ । केही दिनअघि मात्रै नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मुद्रास्फीति अपेक्षा सर्वेक्षणमा मूल्यबृद्धि १४ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको थियो । अहिले पनि मूल्यवृद्धि १४ प्रतिशत रहेको र असोज मसान्तसम्म सोही मूल्यवृद्धि कायम रहने उक्त सर्वेक्षणमा उल्लेख छ । सर्वेक्षणअनुसार २०७९ असार २० देखि असार २७ सम्म २८ सहरका ३१ बजार क्षेत्रका व्यक्तिहरुसंग अन्तर्वार्तामार्फत सर्वेक्षण गरिएको थियो । प्रतिवेदन १ हजार १ सय ४१ शहरी व्यक्तिको प्रतिक्रियामा आधारित रहेको पनि अपेक्षा सर्वेक्षणमा उल्लेख छ ।

बढ्दो मूल्यवृद्धिको कारण अधिकांश नागरिकको क्रयशक्ति घटेको छ । मुद्रास्फीति भनेकै पैसाको क्रयशक्ति ह्रास हुनु अर्थात् वस्तु तथा सेवाको मूल्यवृद्धि हुनु हो । जीवन संचालनको लागि अति आवश्यक वस्तुको रुपमा गाँस, वास, कपासलाई लिइने गरिन्छ । तर बास, कपास त धेरै टाढाको कुराको रुपमा रहेको छ । यहाँ त गाँसको व्यवस्था गर्न नै धौ– धौको पर्ने अवस्था सिर्जना भइसकेको छ । उपभोग्य वस्तुको मूल्य अत्यधिक बढेको कारण आम नागरिक बाँच्न नसक्ने अवस्थामा पुगिसकेका छन । नागपञ्चमीसँगै तीज, दसैं, तिहार, छठ लगायतका चाडपर्व सुरु हुने क्रम नजिकिएको छ । त्यस समय महँगी झन बढ्ने छ ।

यस्तो अवस्थामा राज्यले खाद्यान्न उत्पादन बढाउनको लागि बाह्रै महिना पुग्ने गरी सिँचाइको अवधारण विकास गर्नुपर्ने देखिएको छ। कृषि मल, बीउ, औजार समयमै उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, कृषि योग्य जमिन बाँझो राख्न नपाउने एवं कृषि जमिनलाई प्लटिङ गर्न नदिने नीतिलाई सरकारले कार्यान्वयनमा ल्याउनुपर्ने खाँचो देखिएको छ ।

महँगीले आकाश छुँदा पनि राज्य संयन्त्र मौन बसिरहेको छ । आम्दानीको तुलनामा खर्च मात्रै बढ्न थालेपछि उपभोक्ताको जीवनयापन असहज हुन थालेको छ । खाद्यान्न, तेल, घिउ, जिरा, धनिया, गेडागुडी, दाल, चामल, गहुँ र मकैलगायतका अधिकांश खाद्यवस्तुको मूल्य पनि दोब्बर बढेको छ । अझ हरिया तरकारीको मूल्य त्योभन्दा बढिरहेको छ। महँगीको मुख्य कारण सरकारको बजार अनुगमन, नियमन, आपूर्ति नीतिको पालना नहुनुलाई मानिएको छ । केन्द्रीय बैंकले व्यापार घाटा कम गर्न भन्दै विभिन्न विलासीताका वस्तु आयातमा रोक लगाए पनि कालोबजारी नियन्त्रणमा कुनै कार्य भएको छैन ।

रसिया युक्रेन युद्ध हुन थालेको करिब ६ महिना बितिसकेको छ । यी दुई देशबीच सजिलै कुनै देशले हार्ने वा जित्ने अवस्था देखिएको छैन । यही युद्धकै कारण महँगी तथा मूल्यवृद्धिको ग्राफ निकै माथि पुगेको हो । यस्तो अवस्थामा सरकारले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन आगामी ४ मंसिरमा गर्ने निर्णय सार्वजनिक गरेको छ । योपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन पनि एकै चरणमा गर्ने निर्णय गरिएको छ । निर्वाचनको घोषणासँगै आम नागरिकलाई देखाउनको लागि मुद्राको भाउ कमजोर तथा वस्तु अनि सेवाको मूल्य महँगो (इन्˜ लेसन) हुन थालेको अहिलेको अवस्थामा भाउ बढाउनुभन्दा वस्तु तथा सेवाको आयतन वा परिणाम घटाएर बेच्ने पद्धतिको अभ्यास ( श्रीकˆ लेसन) सुरु गरेमा अघोषित रुपमा आम नागरिक वस्तु तथा सेवाको मूल्य बढी तिर्न बाध्य हुनेछन् । जसले आम नागरिकको दैनिकीमा चर्को असहजता थप्न सहयोग पुऱ्याउने छ ।

निर्वाचनले आयातीत वस्तु बढाउँछ भने सोही अनुपातमा मूल्य बढाउने गरेको छ । निर्वाचनको लागि रकम जोहो गर्न राजनीतिक दलहरुले उद्योगपति र व्यवसायीसँग स्वार्थयुक्त साँठगाँठ गर्ने गरेको विगतको निर्वाचनले देखाएको छ । योसँगै राजनीतिक दलले चन्दा असुली कार्यलाई तीव्र बनाउने, चन्दा दिने उद्योगपति र व्यवसायीले अनौपचारिक राजनीतिक सहमतिमा आफूले प्रदान गरेको रकममा ब्याजसँगै थप अतिरिक्त नाफा जोडेर वस्तु तथा सेवाको मूल्य निर्धारण गर्ने हुँदा निर्वाचन पछिको मूल्यवृद्धिको दर कहाँ पुग्छ भनेर भन्न सक्ने अवस्था छैन ।

यस्तो अवस्थामा राज्यले खाद्यान्न उत्पादन बढाउनको लागि बाह्रै महिना पुग्ने गरी सिँचाइको अवधारण विकास गर्नुपर्ने देखिएको छ। कृषि मल, बीउ, औजार समयमै उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, कृषि योग्य जमिन बाँझो राख्न नपाउने एवं कृषि जमिनलाई प्लटिङ गर्न नदिने नीतिलाई सरकारले कार्यान्वयनमा ल्याउनुपर्ने खाँचो देखिएको छ । कृषिमा आधुनीकिकरण र यान्त्रीकिकरण गरी अझ विकसित देशमा जस्तै १० प्रतिशत व्यक्तिले उत्पादन गरेको खाद्यान्न निर्यातसम्म हुने गरेको अवस्थालाई ध्यानमा राख्दै त्यस्तै वातावरण निर्माण गर्ने तर्फ काम गर्न सकेमा खाद्यान्नमा हुँदै आएको परनिर्भरता केही कम हुन गई खाद्यान्न लगायतका दैनिक उपभोग्य वस्तुको मूल्य बढ्ने क्रम रोकिई आम नागरिकले एकछाक पेटको लागि झेल्दै आएको सकस अन्त्य हुन सक्ने छ । (साभार–थाहाखबर)

# राष्ट्रिय परिचयपत्र दिन नागरिकलाई रातभर सडकमै

काठमाण्डौ, २६ साउन ।

नारायणहिटी संग्रहालयको पश्चिम गेट छेउको सडकपेटीमा सोमबार साँझ ८ बजे एक हुल युवा गफ गरिरहेका थिए । न उज्यालो छ न बस्न वा अढेस लाग्न सिकिने ठाउँ, ती युवा यहीं रात कटाउन उभिएका थिए । ९ बजे ३१, १० बजे ४१, ११ बजे ५६, मध्यरात १२ बजे ७१, एक बजे ८०, २ बजे १२० हुँदै बिहान ४ नबज्दै त्यहाँ लाइन लाग्नेको संख्या २०० नाघ्यो । गोरखाको मनकामनाबाट आएका भक्तबहादुर ल्वाङ्री मगरले मोबाइल फोन बाल्दै बेलुकैदेखि क्रमशः आउनेहरुको नाम टिपेका थिए । नाम टिपाएकाहरु पालो मिचिने डरले रातभर लाइनमा डटेर बसेका थिए । भक्तबहादुर तेस्रो पटक आएर साँझबाटै लाइनको लागि नाम टिप्न खटिएका थिए ।

'श्रीमती चितवनको म गोरखाको, दुवै जिल्लामा पालो पाइने ठेगान भएन', उनले भने, 'यहाँ अस्ती बिहान ६ बजे र हिजो बिहान ४ बजे आउँदा कोटा प्याक भइसकेछ, पालो पाइएन । अनि बेलुका आठै बजे आएको ।' राहदानी बनाउन सरकारले राष्ट्रिय परिचय पत्र अनिवार्य गरेपछिको हैरानी हो, यो । भक्तबहादुरको कापीमा नाम टिपाएर सडक पेटीको लाइनमा छिन्, बाँके नेपालगञ्ज उपमहानगरपालिका–५ सल्यानी बंगलाकी पूजा खत्री पनि ।

बहिनीसंग राति १० बजे नै आएकी उनी फतक्क गलेर पेटीमै थचक्क बसेकी छन् । खत्री दिदीबहिनीसंग बसेकी छन्, महोत्तरीबाट आएकी राधिका दुलाल । राति पौने ९ बजे ट्याक्सीबाट आएर लाइनमा नाम लेखाएकी उनी भुईमा चप्पल ओछ्याएर टुसुक्क बसेकी छन् । डालोमा चाउचाउ, बिस्कुट, पराग, चुरोट, पानीको कार्टुन र तीन वटा थर्मश बोकेर आधा रातमा सामाखुसीबाट आएका अमृत खड्का दम्पती व्यापारसँगै सल्लाह–सुझाव दिन पनि भ्याइरहेका थिए ।

'ढुक्कसंग लाइनमा बसौं, बिहान ६ बजे भित्र छिराउँछन् । परिचयपत्र बनाउने १० बजे कार्यालय खुलेपछि मात्र हो', खड्काले भने, 'काम सकिन दिनभरि नै लाग्न सक्छ ।' हिजोदेखि लाइनमा उभिएर⁄बसेर निद्राविरुद्ध संघर्ष गरिरहेकाहरु खड्काको कुरा सुनेर निराश बने । सडक पेटीको बार र रुखको फेदमा अडेसिन वा भुइँमा अलि होलोसंग बस्न पाएकाहरु त निदाइ नै रहेका छन् । बिजोग गरी उभिएकाहरु पेटीमै ढल्न थालेपछि खड्का आफ्नो डालो भएको ठाउँबाट उठे अनि नारायणहीटीको गेटको कतैबाट केही कार्टुन र स–साना चकटीजस्ता म्याट्रेसहरु झिकेर ल्याए ।

१० जना महिलालाई त्यो बाँड्दै उनले भने, 'ल यो त बिजोग भयो, अलि राम्ररी बस्नुस् । बिहान भित्र जाने बेलामा फिर्ता गर्नुस्, पर्सि अरुलाई चाहिन्छ ।' खड्काको सदासयबाट मिलेको अलिकति सहजता धेरैबेर टिकेन, मौसम प्रतिकुल बनिदियो, पानी पर्न थाल्यो । सानो बत्ती धिपधिप बलिरहेको डालो जोगाउन खड्का दम्पतीले प्लाष्टिकको जोहो गरे । लाइनमा बसेकाहरु खैलाबैला गर्दै १५–२० वटा छाताम टाउको लुकाउन पुगे । छातामा नअटाएकाहरु नजिकै रहेको पुरानो पासपोर्ट विभागको टहरातिर दौडिए, तर राष्ट्रिय परिचयपत्र इकाइ कार्यालयको सुरक्षामा खटिएका प्रहरीले त्यहाँ बस्ने अनुमति नभएको भन्दै फर्काए ।




पानी अलि थामिएको बेला राति २ बजे गोरखाका रामचन्द्र श्रेष्ठ ट्याक्सीबाट नारायणहिटी आइपुगे । लाइनको चिर्कटोमा उनको नाम १५० औं नम्बरमा पर्यो । उनी पनि अघिल्लो बिहान ६ बजे आएर फर्किएका रहेछन् । 'फर्स्ट नै हुन्छु भनेर २ बजे आ'को लास्टमा परें', उनले भने, 'एक पाइलो ढिलो भएको भए त आज पनि नपाउने रहेछु । चेत नभएका मानिसहरुलाई पटक–पटक राज्यको जिम्मा दिएछौं । हामी जनता नै भेडा हौं, कोसंग चित्त दुखाउने !' २ बजेपछि लाइनमा आउने क्रम बढ्यो । कोही लाइनमा बसेका परिवारका सदस्यलाई पालो दिन आउन थाले । भिड बढ्दै गयो । घरमा निद्रा र मोबाइलमा चार्ज पुऱ्याएर आएकाहरु ढुक्कले गफिँदै पनि थिए । पालो दिने नभएकाहरु भने हिलो पेटीमा झुलिरहे । बिहान ४ बजेतिर केशरमहल क्षेत्रमा गाडी र मानिसको चहलपहल बढेसँगै लाइनमा बस्नेको नाम टिपेका भक्तबहादुर मगर अब नाम रुजु गर्ने भन्दै कराए, 'ल है, सबै जना उठ्नुस् त ।'

उनले १ देखि १५० नम्बरसम्मको नाम भने, जुन आजको

(बाँकी तेश्रो पेजमा)

# सामुदायिक विद्यालयको बाध्यता : विद्यार्थी टिकाउन अंग्रेजी माध्यम

काठमाण्डौ, २६ साउन ।

नुनुता राई –

हिजोआज सामुदायिक विद्यालयले विद्यार्थी आकर्षित गर्न वा भएका विद्यार्थी टिकाउन अपनाउने उपाय हो, अंग्रेजी माध्यममा पढाइ । नेपाली समाजमा अंग्रेजी माध्यमको पढाइलाई उत्कृष्ट मान्ने प्रचलन रहेकाले सामुदायिक विद्यालयहरुले स्रोत साधन अभावका बाबजुद पनि जसोतसो अंग्रेजी माध्यममा पढाइ सञ्चालन गरिरहेका छन् । सरकारी नीतिकै कुरा गर्ने हो भने साना कक्षाहरुमा नेपाली, सामाजिक अध्ययन र मानव मूल्य शिक्षा नेपाली माध्यममै पढाउन अनिवार्य छ । ९ र १० कक्षामा नेपाली र सामाजिक अध्ययन विषय नेपाली माध्यममा पढाउनुपर्छ । यी बाहेक अरु विषय नेपाली वा अंग्रेजी जुनसुकै माध्यममा पनि पढाउन पाइनेछ ।

धेरैजसो निजी विद्यालयले अंग्रेजी माध्यममा पढाइरहेका छन् र अभिभावक पनि छोराछोरी अंग्रेजीमा चलाख हुन् भनेर निजी विद्यालयतिर आकर्षित छन् । त्यसैले विद्यार्थी टिकाउन र नयाँ विद्यार्थी आकर्षित गर्न पनि अंग्रेजी माध्यम बाध्यता बन्न गएको छ । सुर्खेतको अमरज्योति माध्यमिक विद्यालयले नेपाली र अंग्रेजी दुवै माध्यममा पढाइरहेको छ । विद्यालयले बाल कक्षादेखि नै अंग्रेजी माध्यम पढाइ सञ्चालन गरिरहेको छ । तर अर्को नेपाली माध्यमको विद्यालय छाडेर आउने विद्यार्थीका लागि छुट्टै सेक्सनमा नेपाली माध्यममै पढाउने गरेको प्रधानाध्यापक खगेन्द्र थापाले बताए । 'विद्यार्थीलाई कुन माध्यम सहज लाग्छ त्यही माध्यममा पढ्न पाउँछन् । अंग्रेजीमा पढ्दा पढ्दै नेपालीमा जान्छु अथवा अंग्रेजीमा जान्छु भन्छन् भने जान पाउँछन्', उनले भने ।

अंग्रेजी माध्यमको पढाइ राम्रो भन्ने बुझाइ भएकाले विद्यालयहरु दबावमा रहेको उनको भनाइ छ । यो एकदम गलत बुझाइ हो । 'हाम्रो विद्यालयमा पहिलो हुने नेपाली माध्यमका छन् र प्रतियोगिताहरुमा पनि उनीहरु नै अगाडि आउँछन्', प्रधानाध्यापक थापाले भने । हिजोआज शहरी क्षेत्रका अभिभावक आफ्ना छोराछोरी अंग्रेजी माध्यममै पढाउन चाहन्छन् । तर विद्यालयमा उपलब्ध जनशक्तिका कारण अंग्रेजी माध्यमको पढाइ सोचेजति प्रभावकारी हुन नसकेको उनको बुझाइ छ । 'अंग्रेजी माध्यमबाट पढाउँदा अंग्रेजीमा जत्तिको राम्रो हुनुपर्ने हो त्यति बनाउन गाह्रो छ । शिक्षकको समस्या छँदैछ अरु पनि छ', प्रधानाध्यापक थापाले भने ।

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh
शुभम सन्देश DAILY दैनिक



# सामुदायिक............

धरानको पब्लिक हाइस्कुलले बाल कक्षादेखि कक्षा ७ सम्म अंग्रेजी माध्यम र कक्षा ८, ९ र १० मा नेपाली र अंग्रेजी दुबै माध्यममा पढाउँदै आएको छ। नेपाली र अंग्रेजी माध्यमबाट पढाइ हुने अलग अलग सेक्सन छुट्याएको छ । आउने वर्ष कक्षा ८ पनि अंग्रेजी माध्यममा लाने प्रधानाध्यापक झाले बताए। माध्यमका आधारमा विद्यार्थी कमजोर र जेहेन्दार छुट्याउन नमिल्ने उनी बताउँछन् । 'विद्यार्थी संख्या कम, धेरै र पढ्ने भाषामात्रै फरक हो । अतिरिक्त क्रियाकलापमा समान सहभागी हुन्छन् । विद्यालय तथा शिक्षकले समान व्यवहार गर्ने भएकोले त्यो सोच आउँदैन', झाले भने ।

ललितपुरको मदन स्मारक विद्यालयमा कक्षा ९ र १० मा नेपाली र अंग्रेजी माध्यमबाट पढाउँदै आइरहेको प्रधानाध्यापक गोविन्द पौडेल बताउँछन् । यहाँ अंग्रेजी र नेपाली माध्यममा पढ्ने विद्यार्थी संख्या बराबर छ। विद्यार्थी र अभिभावकको रुचिका कारण अंग्रेजी माध्यममा पढाइ सञ्चालन गरिरहेको पौडेलले बताए । 'अभिभावक र विद्यार्थीको रुचिको कारण बाध्यता हो । अंग्रेजी नबनाउने विद्यालयले विद्यार्थी पाउनै मुस्किल छ', उनले भने । काठमाडौंको नीलबाराही माविमा पनि नेपाली र अंग्रेजी दुबै माध्यममा पढाइ भइरहेको छ। अभिभावक र विद्यार्थीले रुचि देखाएकोले अंग्रेजी माध्यम सुरु गरेको तर नेपाली पढ्न चाहने विद्यार्थी पनि उत्तिकै रहेको प्रधानाध्यापक डा. जानुका पौडेलले बताइन् ।

'अंग्रेजी माध्यम सुरु नभएका विद्यालयहरुमा विद्यार्थी संख्या धेरै कम छ । हाम्रो पनि (अंग्रेजी माध्यम) नबनाएको भए त्यस्तै हुन्थ्यो', उनले भनिन् । कलंकीको जनपथ माध्यमिक विद्यालयमा पनि नेपाली र अंग्रेजी दुबै माध्यममा पढाइ भइरहेको छ । कक्षा ८, ९ र १० मा अंग्रेजी र नेपाली माध्यममा पढ्ने विद्यार्थीहरुको अलग अलग सेक्स छ । त्यसभन्दा तलका कक्षामा अंग्रेजी माध्यम पढाइरहेको छ । अन्य विद्यालयमा नेपाली माध्यममा पढेकाहरु भर्ना हुन आउने भएकाले ८ र ९ कक्षामा भने नेपाली माध्यमको कक्षा पनि राखेको प्रधानाध्यापक जीतबहादुर लामिछानेले बताए ।

बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयले २०६८ सालदेखि अंग्रेजी माध्यमबाट अध्यापन गराइरहेको छ । नेपाली र अंग्रेजी दुबै माध्यममा पढाउँदा विद्यार्थीहरुमा अंग्रेजी पढ्न नसकेको हीनताबोध हुन सक्ने प्रधानाध्यापक नातीकाजी महर्जन बताउँछन् । 'शिक्षक सिर्जनात्मक र मिहिनेती हुने हो भने अंग्रेजी बुझ्नकै लागि विद्यालय नै अंग्रेजी माध्यममा जान जरुरी छैन, तर, अंग्रेजी माध्यम नबनाउने हो भने सामुदायिक विद्यालयले विद्यार्थी पाउनै मुस्किल छ ।'

'अंग्रेजी बुझ्न सकेनन् भनेर वर्गीकरण गरेर नेपालीमा पढाउँदा विद्यार्थीमा हीनताबोध हुन सक्ने जोखिम छ। त्यसैले हामीले सबैमा समान माध्यम बनाएका हौं ।' अंग्रेजी नबुझ्ने विद्यार्थीलाई सहयोग गरेर एउटै माध्यममा पढाउनुपर्ने प्रधानाध्यापक महर्जनको भनाइ छ ।

**अंग्रेजी भाषाप्रतिको लगावको प्रभाव**

सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम नबनाउने हो भने विद्यार्थी नै नपाउने स्थिति रहेको प्रधानाध्यापकहरु बताउँछन् । काठमाडौं त्रिपुरेश्वरको विश्व निकेतन माविमा ०७६ सालदेखि पूर्ण रुपमा अंग्रेजी माध्यममा मात्र पढाइ हुन्छ। प्रधानाध्यापक हेरम्बराज कँडेल भन्छन्, 'अंग्रेजी भाषाप्रतिको लगावको प्रभाव हो यो।' अंग्रेजी बोल्न जान्नेलाई समाजले हेर्ने, बुझ्ने दृष्टिकोण नै फरक भएका कारण यसप्रति विद्यार्थी र अभिभावकको लगाव रहेको उनी बताउँछन् । 'अभिभावक र विद्यार्थीको त्यो रुचि र लगावलाई विद्यालयले सम्बोधन नगर्ने सम्भावना कम हुँदै गइरहेको छ', प्रधानाध्यापक कँडेलले बताए ।

धेरैजसो अभिभावक आफ्ना छोराछोरी अंग्रेजीमा चलाख हुन् भन्ने चाहन्छन्। त्यसैले सकेसम्म निजी स्कुल र नसके अंग्रेजी माध्यममा पढाइ हुने सामुदायिक विद्यालयमा पढाउने लहर नै चलेको शिक्षक रामेश श्रेष्ठ बताउँछन् । सामुदायिक विद्यालय पनि अभिभावकको यही चाहनाको दबावमा परेको उनको बुझाइ छ। उनले पढाउने नमुना विद्यालयले चार वर्षअघि अंग्रेजी माध्यम सुरु गरेपछि हरेक वर्ष पढ्न आउने विद्यार्थीको संख्या बढेको छ । विद्यालय तहबाटै विभिन्न प्राविधिक विषयहरु अध्ययन गर्नुपर्ने भएकोले अंग्रेजी बुझ्न जरुरी भए पनि सबै विषय अंग्रेजी माध्यममै पढाउन जरुरी नभएको श्रेष्ठ बताउँछन्। 'अंग्रेजी माध्यम बनाउन जति इफोर्ट खर्च भइरहेको छ त्यति शैक्षिक गुणस्तर उकास्नका लागि हुने हो भने धेरै माथि हुन्थ्यो' शिक्षक श्रेष्ठ भन्छन् ।

अहिलेको पाठ्यक्रम अनुसार शिक्षक सिर्जनात्मक हुने हो भने अंग्रेजी माध्यम नै रोज्नुनपर्ने बाध्यता नरहेको ललिपुरकी एक शिक्षिका हरिप्रभा जोशी जिकिर गर्छिन् । अहिले आवश्यकता भन्दा पनि बाध्यताले अंग्रेजी माध्यम बनाउनु परिरहेको उनको भनाइ छ । उनी भन्छिन् 'शिक्षक सिर्जनात्मक र मिहिनेती हुने हो भने अंग्रेजी बुझ्नकै लागि विद्यालय नै अंग्रेजी माध्यममा जान जरुरी छैन', उनी भन्छिन्, 'तर, अंग्रेजी माध्यम नबनाउने हो भने सामुदायिक विद्यालयले विद्यार्थी पाउनै मुस्किल छ ।' बाध्यताले अंग्रेजी माध्यममा गएका विद्यालयका बालबालिका न अंग्रेजीमा प्रखर हुने न नेपालीमा हुने स्थिति बन्दै गइरहेको शिक्षक जोशी बताउँछिन्। उनले पढाउने विद्यालयमा पाँच वर्षअघि अंग्रेजी माध्यममा गएको छ। विद्यालयले अंग्रेजी पढाउने केही शिक्षक आन्तरिक स्रोतबाट राखेको छ ।

बाँकी त्यही नेपाली माध्यमबाटै पढाउने शिक्षकहरुले कनीकुथी अंग्रेजी माध्यममा पढाइरहेका छन् । उनी भन्छिन्, 'शिक्षक आफैं अंग्रेजीमा पर्फेक्ट नभएपछि कसरी विद्यार्थीलाई पर्फेक्ट रुपमा सिकाउने, त्यसैले नाम मात्रको अंग्रेजी माध्यम भइरहेको यथार्थ हो ।' बालुवाटारको पञ्चकन्या आधारभूत विद्यालयकी प्रधानाध्यापक बिनिता रञ्जित पनि सामाजिक दबावका कारण अंग्रेजी माध्यम रोज्नुपर्ने बाध्यता रहेको बताउँछिन् । 'अंग्रेजी माध्यम नहुनेबित्तिकै अभिभावकले बच्चाहरु झिकेर लैजान्छन्। विद्यार्थी टिकाउन र आकर्षित गर्नुपर्ने अवस्था छ', उनी भन्छिन् ।

माथिल्लो तहको पढाइ हुने विद्यालय अंग्रेजी माध्यमको हुने भएकाले पनि आधारभूत विद्यालयलाई अंग्रेजी माध्यममै पढाउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक रञ्जित बताउँछिन् । कलंकीको जनपथ माविका प्रधानाध्यापक लामिछाने अंग्रेजी शिक्षा समयको माग भएको पनि बताउँछन्। विद्यार्थीलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न योग्य बनाउनको लागि पनि अंग्रेजी माध्यम आवश्यक भएको उनको दावी छ । 'विद्यार्थी, अभिभावकको रुचि र माग मात्रै नभएर आवश्यकता पनि हो । हाम्रो विद्यार्थीहरु अंग्रेजी माध्यमबाट निजी विद्यालयमा पढेकाहरुसँग, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धाको लागि योग्य बनाउनको लागि पनि अंग्रेजी माध्यम आवश्यकता हो', उनले भने ।

(साभार-अनलाइनखबर)

# राष्ट्रिय परिचयपत्र......

कोटा हो । बिहान ४ बजेपछि आएका करिब सय जनाले मंगलबार परिचयपत्र बनाउन पाएनन् । कोटामा पर्न कति बजे आउनुपर्छ भनेर सोध्नेहरुलाई भक्तबहादुर भनिरहेका थिए, 'हामी हिजो साँझ ८ बजेबाट लाइनमा बसेका हौं, अब आफैं बुझ्नुस् ।' नाम र लाइन रुजु सकिएपछि अमृत खड्काले अब प्रहरीले टोकन बाँडेर भित्र लैजाने भन्दै मास्क र कालो लेख्ने कलम तयार पार्न सुझाए । दुवै चिज बिक्रीको लागि उनकै डालोमा थियो। पाँच बज्न लाग्दा आकाश छ्याङ्ग खुलेको थियो । एक जना प्रहरी जवान आएर लाइन निरीक्षण गरे । रातभर सडकपेटीमा भिजेका सेवाग्राही चहकिलो सूर्योदयसंगै कार्यालय भित्र जान पाउने भए ।

भक्तबहादुर मगरले फेरि एक पटक फुटपाथको लाइनमा भएकाहरुको एक-एक नाम पढे । अब प्रहरी ब्यारेकसंगै दायाँतर्फको टहरोमा गएर उभिनुपर्ने भयो, जहाँ राति पानी पर्दा लाइन बसेकाहरु छिर्न पाएका थिएनन्। त्यो टहरोभित्र एउटा शौचालय छ । त्यो यति फोहोर छ कि नजिक जान सक्ने अवस्था छैन। तर, यी १५० जना सर्वसाधारण करिब ३० मिनेट त्यही उभिए । बल्ल प्रहरीले नामावलीअनुसार नागरिकता झिक्न भने । प्रहरीले नागरिकता हेर्ने र भक्तबहादुर मगरले ढोकामा उभिएर पुनः नाम पढ्ने काम सम्पन्न भयो ।

त्यसरी एक-एक गर्दै सेवाग्राही भित्र पसे। झरीमा रुझ्दै १० घण्टा पेटीमा उभिँदा मुर्झाएको मुहारहरुमा ठूलो अनिश्चयबीच एकाएक काम फत्ते भएको चमक देखियो, जुन आफैंमा अनौठो थियो । नाम टिपाएर रातभरि लाइन बसेकामध्ये दुईजना भित्र छिर्ने बेलामा अनुपस्थित भएछन्। पछि आएका दुईजनाले उनीहरुको ठाउँमा भित्र जान पाए। प्रहरीले हतार-हतार गेट बन्द गरेपछि बाहिर परेकाहरु सबै उदास-उदास फर्किए। भिजेको सडक पेटीमा करिब १० घण्टा बिताएकाहरुले राष्ट्रिय परिचय पत्र बुथको प्रतीक्षालयमा फलामे कुर्सीमा बस्न पाउँदा ठूलो राहत अनुभव गरे। परिचयपत्र बनाउने काम सुरु हुन अझै ४ घण्टा कुर्नुपर्छ। केही कुर्सीमा सुते, केही शौचालय गए त केही गेटमा गएर खाने कुरा मगाए ।

मंगलबार बिहानको ९ बज्यो । केशरमहल क्षेत्रमा विद्यालय र कार्यालयका सवारी चाप बढ्यो। घाम चरक्कै चर्कियो । तैपनि, खेद छैन, किनभने १४ घण्टे कष्टकर प्रतिक्षाले अब फल दिँदैछ। फारम भर्ने बेला त हुनै लाग्यो। कर्मचारीहरु कार्यालय आउन थालिसके । नारायणहिटी दरबारमा रहेको यो कार्यालयबाट अफलाइन र अनलाइन गरेर दैनिक ३०० राष्ट्रिय परिचयपत्र जारी हुन्छ । अनलाइन फारम भरेकाहरु १० बजे कार्यालय छिर्न पाउँछन् । रातभर दुःख पाउने चाहिँ अफलानइनवाला अर्थात् अनलाइन फारम नभरेकाहरु हुन्। तत्काल पासपोर्ट बनाउन परेकाहरु अनलाइनमा पालो नपाएर ढिलो हुने भएपछि नारायणहिटीको पेटीमा आउन वाध्य हुन्छन् । राष्ट्रिय परिचयपत्र विभागले प्रदेश १, मधेश प्रदेशका चार जिल्ला ( बारा, रौतहट, सिराहा र महोत्तरी) गण्डकी र लुम्बिनी प्रदेशका सर्वसाधरणलाई नारायणहिटीबाट सेवा लिन भनेको छ । विभागले अफलाइन र अनलाइनतर्फ ५-५ वटा बुथ राखेको छ। १० बजेर १५ मिनेट जाँदा परिचय पत्र विभागका कर्मचारीले रातभर लाइनमा बसेर आएकाहरुको नागरिकता हेरेर रुजु गर्दै परिचय पत्रको कुपन र फारम वितरण गरे । फटाफट फारम भर्न सक्ने सानो समूहले फोटो खिचाउनेदेखि पुनः परीक्षणसम्म सबै काम चाँडै भ्याए। त्यसो गर्न नसक्नेहरुको धेरै समय सहायताका लागि अरुलाई गुहार्दैमा बित्यो ।

तिनैमध्येका एक थिए रोल्पाका डम्बरबहादुर बिक। कक्षा ५ सम्म पढेका उनका लागि राष्ट्रिय परिचय पत्रको जटिल फारम भर्न साँच्चै गाह्रो काम थियो। बाँकेकी पूजा खत्रीलाई पनि फारमको मसिनो विवरण दुरुस्त गरी भर्न गाह्रो भयो । फारम ढिलो बुझाउनेहरुले परिचयपत्र ढिलै पाउने भए । त्यस्तै, लाइनको पुछारतिर परेकाहरुको काम सकिन २-३ बज्ने अवस्था रहेछ। हातले भरेको फारमको विवरणलाई अनलाइनमा प्रविष्ट गर्न, त्यसको प्रिन्ट निकालेर रुजु गर्न, आधिकारिक हस्ताक्षर गरेर फोटो खिच्ने र बायोमेट्रिक गर्न पनि समय लाग्ने राष्ट्रिय परिचयपत्र नारायणहिटी इकाइका नायब सुब्बा छत्रमणि ओझाले बताए। छिटो छिटो पासपोर्ट चाहिनेको संख्या बढेसंगै यहाँ थामिनसक्नु चाप परेको उनले बताए। 'पहिले विहान ९-१० बजे आए हुन्थ्यो, अनलाइन गरेर आए पनि सहजै काम हुन्थ्यो', उनले भने, 'हिजोआज बेलुका देखिनै बिजोगसंग लाइन हुने गरेको छ ।'

नारायणहिटीमा सेवाग्राहीको भिड बढेपनि जनशक्ति थपेर सुविधा नबढेको उनले बताए । 'आएका सेवाग्राहलाई छिटोछरितो सेवा दिन नसक्दा कसैलाई मजा लाग्ने कुरा भएन', ओझाले भने। रातभर सडकमा बसेर भित्र आउने सेवाग्राहीका लागि गृहमन्त्रालयले नै सोच्नुपर्ने उनको भनाइ छ । पानी पर्दा पनि खाली टहरोमा किन सर्वसाधारणलाई बस्न नदिएको भन्ने जिज्ञासामा प्रहरी कार्यालयका अधिकृतहरु बोल्न चाहेनन्। अनौपचारिक रुपमा बोल्न तयार भएका एकजना जुनियर अधिकृतका अनुसार प्रहरीको यो गण नारायाणहिटी संग्रहालय सुरक्षार्थ राखिएको हो, त्यो बाहेकको बिषयमा कुनै दायित्व र निर्देशन छैन ।

तैपनि, परिचयपत्र बनाउन राति आउनेहरुको बिजोग देखेर केही समय अघिसम्म टहरामा बस्न र शौचालय प्रयोग गर्न दिएका उनले बताए । 'तर, त्यहीँ बसेर मदिरा सेवन, झगडा गर्ने जस्ता हर्कत भएको पाइएपछि त्यहाँ बस्न रोकियो ।' राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक तीर्थराज भट्टराई भने नारायणहिटीमा रातभर सर्वसाधरण लाइनमा बस्ने गरेको थाहै नभएको बताए । 'त्यहाँ त इमर्जेन्सी परे मात्र जाने हो', उनले भने, 'रातभर लाइनमा बस्ने गरेको कुरा साँचो हो भने चाहिँ अब अघिल्लो दिन नै नाम टिपेर पठाइदिन प्रहरीलाई भन्दिन पर्छ होला ।'

(साभार-अनलाइनखबर)

# सार्वजनिक सवारीको २० वर्षे आयु हटाउने सरकारको तयारी

काठमाण्डौ, २६ साउन ।

यातायात व्यवसायीहरुले लामो समयदेखि गरिरहेको माग हो- २० वर्षपछि सार्वजनिक सवारी चलाउन नपाइने व्यवस्था खारेज गर । उनीहरुले गाडीलाई 'फलाम'का रुपमा मात्र अर्थ्याएर आयु तोक्न नहुने तर्क गर्दै संघ र प्रदेश सरकारहरुमाथि दबाव दिइरहेका थिए । प्रदूषण र दुर्घटना न्युनीकरण गर्ने तथा सडक-सवारी सुरक्षा बढाउने उद्देश्यले सरकारले २०७३ मा २० वर्ष पुगेका सवारी सञ्चालनमा रोक लगाएको थियो । सरकारले २० वर्ष पुराना सार्वजनिक सवारीलाई २०७३ फागुनयता सडकमा चल्न दिएको छैन । निजी र सरकारी गाडीको भने आयु तोकिएको छैन । अब व्यवसायीको मागअनुसारै सार्वजनिक सवारीको पनि आयु असीमित बनाउन सरकार तयार देखिएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईको अध्यक्षतामा गत आइतबार सातवटै प्रदेशका यातायात मन्त्रीहरुको यातायातसम्बद्ध अन्तरतह समन्वय बैठकमा २० वर्ष पुराना सवारी साधन चलाउन नपाइने २०७३ सालको निर्णय पुनरावलोकन गर्ने सहमति भएको छ। त्यसअनुसार कानुनी गृहकार्य पनि सुरु भएको यातायात मन्त्रालयका एक अधिकारीले बताए । उनका अनुसार, पुराना सवारीलाई विशेष जाँचपास गराएर चल्न दिने व्यवस्था गर्ने तयारी छ । '२० वर्ष पुगेका सार्वजनिक गाडीहरुको 'मोटर अपरेटिङ टेस्ट' गरेर अवस्था ठीक देखिएकालाई चल्न दिने व्यवस्था गर्ने सहमति छ', ती अधिकारीले भने, 'यसका लागि अहिलेका कानुनी अड्चन हटाउन प्रक्रिया हुँदैछ ।'

सरकारको यो निर्णयले सडक दुर्घटना बढाउने विज्ञहरु बताउँछन् । दुर्घटनाको तथ्यांक हेरेर यो निर्णय सच्याउनपर्ने उनीहरुको सुझाव छ ।

**दुर्घटनाको डरलाग्दो तथ्यांक**

सरकारी तथ्यांकअनुसार अनुसार गत ८ आर्थिक वर्षमा १ लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन् । यी दुर्घटनामा १९ हजार ३५८ जना नागरिकले ज्यान गुमाए । घाइते भएकाको संख्या १ लाख ३५ हजार १७५ छ। यीमध्ये ३८ हजार ७४६ जना गम्भीर घाइते भए। सडक सुरक्षाविज्ञ पदमबहादुर शाही सरकारले व्यावसायीहरुको दबाब थेग्न नसक्दा यातायात नीतिमा अस्थिरता आएको बताउँछन् । यो अवधिको सडक दुर्घटनामा ७१० पशुचौपाया मारिए भने २६८ घाइते भए। दुर्घटनाको मानवीय र भौतिक क्षति गणना गर्नै कठिन हुने सडक सुरक्षाविज्ञ पदमबहादुर शाही




बताउँछन् ।

सडक सुरक्षा अनुसन्धाता उप-प्राध्यापक भगवती सेढाईका अनुसार, नेपालमा सडक दुर्घटनाको कारण खासै खोजिन्न, खोजेर औंल्याइएका कारणहरुमा पनि शंका छ । नेपालमा चालकको लापरबाही, गाडीको कमजोर यान्त्रिक अवस्था र जीर्ण सडक पूर्वाधारलाई दुर्घटनाका मुख्य कारण मानिन्छ । यान्त्रिक गडबडी, ब्रेकफेल, ओभरलोड, टायर पन्चर, सवारीको बत्ती लगायत कारण हुने दुर्घटनाको दर ठूलो छ ।

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले तीन वर्षअघि अध्ययन गरेर यान्त्रिक कारणले हुने दुर्घटना न्युन गर्न सरकारलाई सुझाव दिएको थियो । समितिको अध्ययन प्रतिवेदनले २० वर्ष पुराना गाडी सञ्चालनमा पूर्ण रोक लगाउन, चालकहरुलाई दक्ष बनाउन, निश्चित समयमै सवारी साधनको परीक्षण र मर्मतसम्भार गर्न तिनवटै तहका सरकार मिलेर काम गर्न भनेको थियो ।

**प्रभावमा शक्ति केन्द्र**

२० वर्ष नाघेका सवारी सडकमा गुडे कानुनअनुसार नियन्त्रणमा लिएर सरकारले नै 'स्क्राप' गर्ने राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ । सरकारले कवाडी बनाएर स्क्राप गर्दा लागेको शुल्क गाडी धनीबाटै उठाउने नियम छ । थोत्रा सार्वजनिक सवारी विस्थापन गर्न २०७१ फागुन १८ गते राजपत्रमा प्रकाशित सूचनामा अर्को २ वर्षभित्र २० वर्ष पुगेका सबै गाडी हटाइसक्ने उल्लेख थियो । २०७३ सालबाट पूर्ण रुपमा लागू भएको यस्तो प्रतिवन्ध हटाउन शक्ति केन्द्रहरु नै सक्रिय थिए । अहिले चुनावको मुखमा आएर सरकार पहिलाको निर्णय उल्टाउन तयार भएको छ। यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला कोराना महामारीकालमा सवारी थन्किएकाले २० वर्षे आयु हटाउने माग चर्काउनुपरेको बताउँछन् ।

'फलामको आयु तोक्नु नै अवैज्ञानिक हो, त्यसमाथि ब्लु-बुकमै २० वर्ष भन्नु हुँदैन', उनी भन्छन्, 'हामीले महामारीको समयमा गाडी चलाउन पाएनौं, गाडी चलेको अवस्थामा पनि आयुको गणना गर्ने विधि खारेज हुनुपर्छ । विमानको जस्तै आयु नतोकेर सार्वजनिक सवारीलाई चुस्तदुरुस्त राख्ने पक्षमा सरकारले ध्यान दिनुपर्छ ।' सवारी गुडाउन नपाउँदा आफूहरुले ठूलो आर्थिक क्षति व्यहोरेको भन्दै उनले २० वर्ष चल्ने अनुमति पाएका सवारीलाई लकडाउन, बन्द, हड्तालजस्ता कारणबाट परेको प्रभाव हेरेर निर्णय लिनुपर्ने बताए ।

'चल्न सक्ने सवारीको आयु तोकेर कवाड बनाउँदा विदेशबाट थप सवारी ल्याउनुपर्ने हुन्छ', महासंघका वरिष्ठ उपाध्यक्ष सिटौलाले भने, 'सवारीको अवस्था जाँच गरे कुनै १० वर्षमै अयोग्य हुनसक्छ भने कुनै ३०-४० वर्ष पनि दुरुस्त रहनसक्छ ।'

**विज्ञ भन्छन्- दुर्घटना झन् बढ्छ**

सडक सुरक्षाविज्ञ पदमबहादुर शाही सरकारले व्यावसायीहरुको दबाब थेग्न नसक्दा यातायात नीतिमा अस्थिरता आएको बताउँछन् । 'सरकारले यात्रु हितलाई कहिल्यै प्राथमिकतामा राखेको देखिएन, सार्वजनिक यातायातलाई सुधारेर सुरक्षित, मर्यादित बनाउने पक्षमा कहिल्यै निर्णय हुँदैन', उनी भन्छन्, 'एउटा समूहको हितका निम्ति बनाएको नीति अर्को समूहको दबावमा परेर उल्ट्याउने गरिएको छ। २० वर्ष आयु हटाउने कुरा पनि त्यसकै सिलसिला हो।' शाहीको विचारमा नेपालको सडक, सवारी जाँच र सवारीहरुको अवस्थाअनुसार २० वर्षको आयु अधिकतम् नै हो । यो हद हटाउने निर्णयले यात्रुलाई नै जोखिममा धकेल्ने उनको विश्लेषण हो ।

'पहाडी क्षेत्रमा भएका अधिकांश दुर्घटनाको मुख्य कारण खोज्दा सडक र सवारीको दुरावस्था र यान्त्रिक गडबडी नै भेटिन्छ' उनी भन्छन्, 'गाडीको आयु २० वर्ष हुँदा त यति धेरै दुर्घनामा परिरहेका छन् भने यो सीमा पनि हटाउनु भनेको जनता चढ्ने गाडीहरुलाई भीरबाट धकेल्न प्रेरित गर्नु नै हो ।' गाडीको आयु प्राविधिक विषय भएपनि नेपालमा प्राविधिक जाँच गर्ने विश्वासनीय प्रणाली नभएकाले २० वर्षे आयु सही भएको शाही बताउँछन्। 'हिजो २० वर्षको आयु किन तोकिएको थियो भन्ने औचित्य पुष्टि नभई कसैको लाभका लागि सार्वजनिक सवारीलाई जोखिममा धकेल्न हुँदैन', उनले भने, 'यसले दुर्घटनाको दर झन् बढाउँछ ।'

(साभार-अनलाइनखबर)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# चीनले बन्द गऱ्यो तातोपानी र रसुवागढी नाका

काठमाण्डौ, २६ साउन ।

चीनले नेपालतर्फका दुवै स्थल नाका बन्द गरेको छ। चीनको तिब्बत क्षेत्रमा कोभिड–१९ संक्रमण बढेको भन्दै तातोपानी र रसुवागढी नाका चिनियाँहरुले बन्द गरेको त्यहाँस्थित नेपाली भन्सार कार्यालयहरुले जनाएका छन् । रसुवागढी नाकाबाट गत शनिबार र तातोपानी नाकाबाट बुधबारदेखि मालसामान आउन बन्द भएको त्यहाँका भन्सार प्रमुखहरुले अनलाइनखबरलाई बताए ।




केही दिन अघिसम्म एक दुई वटा कन्टेनर आइरहेकामा बुधबार चिनियाँहरुले नाका बन्द गरेको तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक नारद गौतमले बताए । ‘औपचारिक कुनै जानकारी छैन, कोभिड–१९ बढेको मात्रै भनेको छन् । बुधबारदेखि नाका बन्द भएको छ,’ गौतमले भने, ‘सोमबार/मंगलबारसम्म नाका भएर २/३ वटा मालबहाक सवारी साधन आए पनि त्यो अखहिले ठप्प छ ।’

तिब्बतमा कोरोना संक्रमण बढेका कारण ल्हासाबाट खासातर्फ कुनै पनि सवारी साधन नपठाइएको जानकारी प्राप्त भएको उनले बताए । तर, यसबारे चिनियाँहरुले कुनै पनि जानकारी नाकामा नगराएको उनको भनाइ छ। यता रसुवाको रसुवागढी नाका पनि बन्द भएको रसुवागढी भन्सार प्रशासक डा. रामप्रसाद मैनालीले बताए । नाका भएर शनिबारदेखि मालसामान आयात नभएको उनको भनाइ छ । ‘तिब्बततर्फ लकडाउन भएको अपुष्ट जानकारी आएको छ । शनिबारदेखि रसुवागढी नाका ठप्प छ,’ मैनालीले भने , ‘तर हामीलाई कुनै पनि औपचारिक जानकारी दिइएको छैन ।’

तिब्बतस्थित नेपाली महावाणिज्य दूतावासले त्यस क्षेत्रमा झण्डै लकडाउनकै अवस्था रहेको मौखिक जानकारी गराएको मैनालीले बताए । तर, नाका बन्दको अग्रिम जानकारी नदिई एक्कासी मालसामानको ढुवानी रोकिएको उनको भनाइ छ । नाका बन्द भएपछि व्यापारीहरु पनि सम्पर्कमा नआएको र चीनतर्फ के–कस्ता मालसामान बाटोमा रोकिएका छन् भन्ने यकिन हुन नसकेको रसुवागढी भन्सार कार्यालयले जनाएको छ । यता तातोपानीको खासातर्फ भने कुनै मालवस्तु नरहेको त्यहाँका भन्सार प्रमुख गौतमले बताए। कोरोना बढेपछि पहिला चरणमा त्यहाँका जिल्लाहरुले ८ दिनका लागि नाका बन्द गर्ने निर्णय गरेको अपुष्ट जानकारी प्राप्त भएको रसुवाका प्रमुख जिल्ला अधिकारी नवराज जैसीले बताए । ‘मलाई आएको अनौपचारिक जानकारीमा कोभिड–१९ ले गर्दा नाका बन्द भएको भन्ने छ, थप हामी बुझ्दैछौं’ प्रजिअ जैसीले भने ।

(साभार–अनलाइनखबर)

# पानीको अभावमा रोपाइँ हुन नसकेपछि बाँकेको नरैनापुर सुख्खा क्षेत्र घोषणा

नेपालगञ्ज, २६ साउन ।

बाँकेको नरैनापुर गाउँपालिकाको कार्यपालिका बैठकले नरैनापुरलाई सुख्खा क्षेत्र घोषणा गरेको छ । प्रयाप्त सिंचाइको व्यवस्था नभएकोले यहाँका किसानहरु वर्षाको भरमा खेती गर्न बाध्य थिए । तर यसपालि पानी नपरेकाले उनीहरूले धान रोपाइँ गर्न पाएका छैनन भने बैकल्पिक उपायमार्फत लगाएको धानवाली समेत नष्ट भइसकेको छ।

बढदो गर्मीसँगै उत्त क्षेत्रमा पानी नपरेपछि कृषियोग्य जमिन बाँझो रहेको र पानीको स्रोतहरु सुक्न थालेपछि नरैनापुरमा पानीको हाहाकार मच्चिएको छ । यो वर्ष पानीको अभावमा समस्या भएपछि बिहीबार बैठक बसेर पालिकालाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरिएको प्रमुख प्रशासकीय अधिकृत भरत बस्नेतले बताए ।

सिंचाइका लागि डिप बोरिग लगायत अन्य वैकल्पिक व्यवस्था, सहुलियत स्वरुप डिजलको व्यवस्था गर्न, कृषि विद्युतीकरणको व्यवस्था गर्न र कृषि मिटर उपलब्ध गराइ विद्युत महसुल निःशुल्क गर्ने बारेमा पनि बैठकमा छलफल भएको नरैनापुर ४ का वडा अध्यक्ष मनोज शर्माले बताए। किसानका लागि बिशेष राहतको प्याकेज ल्याउन प्रदेश र संघीय सरकारसँग गाउँपालिकाले आग्रह पनि गरेको छ ।

(साभार–अनलाइनखबर)

## कृषि सामग्री ....................

०६४५.४ मेट्रिक प्राप्त गर्ने कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुख चन्द्र चौलागाईंले जानकारी दिए। कार्यालय प्रमुख चौलागाईंका अनुसार, ओमानबाट अहिले खरिद गरि आयात भइरहेको ३० हजार मेटन युरिया मलमध्ये मधेस प्रदेशमा आठ हजार पाँच सय मेटन वितरण गरिने छ। पर्साका लागि भने आठ सय ५० मेटन (१७ हजार बोरा) र बाराका लागि एक हजार मेटन (२० हजार बोरा) युरिया वितरण गरिने छ । (रासस)

## जनलोकपाल .............

काम गर्ने हो ? आयोगमा विभिन्न ४७ वटा पदका लागि कर्मचारी माग गरिएकामा गत मङ्सिर १७ गत प्रदेश सरकारले ३३ कर्मचारी दरबन्दीको स्वीकृति दिएको थियो । प्रदेश सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गत भदौ २२ गते आयोगका पदाधिकारी नियुक्त गरेको थियो । आयोगको अध्यक्षमा यादव, सदस्यमा शोभा महतो र राजकिशोर साह रहेका छन् ।(रासस)

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।
सि.टि.ई.भि.टी. र सिम्रौनगढ नगरपालिकाका साझेदारी कार्यक्रम
सिम्रौनगढ बहुप्राविधिक शिक्षालय
सि.न.पा.–८ कचोर्वा बारा
शैक्षिक सत्र २०७९/०८० का लागि ३ बर्षे डिप्लोमा ईन पशु बिज्ञान(भेटेनरी)
र कृषि बालि बिज्ञान (कृषि) मा भर्ना खुल्यो ।
नोट:
फारम पाउने ठाउँ – सिम्रौनगढ नगरपालिका भोजेन्द्र सर ९८५११५५१६५
फारम बुझाउने अन्तिम मिति: २०७९ साउन २६ गते सम्म
प्रवेश परिक्षा हुने मिति: २०७९ भदौ ६ गते
प्रवेश परिक्षा हुने स्थान र समय: सम्बन्धित शिक्षालयमा बिहान ८ बजे
पेश गर्नुपर्ने कागजातहरु:–
SLC/SEE को मार्कसिट
School Leaving सर्टिफिकेट
नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र
पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो

SEE पछिको
उत्कृष्ट गन्तव्य



संचालित कार्यक्रमहरू
१. डिप्लोमा ईन सिभिल इन्जिनियरिङ
२. डिप्लोमा ईन अटोमोबाइल इन्जिनियरिङ
३. डिप्लोमा ईन ईलेक्ट्रिकल इन्जिनियरिङ
४. डिप्लोमा ईन जियोमेटिक्स इन्जिनियरिङ
प्रत्येक कार्यक्रममा ४४ सिट पूर्ण शुल्क
४ सिट छात्रवृत्ति
३ बर्षको पूर्ण शुल्क
मात्र ७०००० /- (सत्तरी हजार मात्र)
थप जानकारीको लागि सम्पर्क गर्नुहोला ।
शिक्षालय प्रमुख
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
नारायणी बहुप्राविधिक शिक्षालय
भरतपुर १०, सप्तगण्डकी चोक
चितवन, नेपाल
npictevt@gmail.com
npictevt.edu.np
०५६-५२१३१६, ५२४३६२,९८५५०१२६३३

प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी
☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी
☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

व्यक्तिगत घटना दर्ता समय मै गर
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा